नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:

9808835198

9802592799

9803474311

9854028218




वर्ष ३ | अंक १२७ | २०८१ साल चैत्र ०८ गते शुक्रबार | Friday 21, March 2025 | सूर्योदयः बिहान ६:०८ बजे | सूर्यास्तः साँझ ६:१७ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

# मधेशका परीक्षा केन्द्रमा परीक्षा शुरु भएको

## एक घण्टामै प्रश्नपत्र आउट

### चार कैदीबन्दी सहभागी

बिहीबारदेखि शुरु भएको माध्यमिक शिक्षा परीक्षा (एसइइ) मा वीरगंज कारागारका चार कैदीबन्दी सहभागी भएका छन् । एसइइमा वीरगंज कारागारमा रहेका विभिन्न मुद्दाका चार पुरुष कैदीबन्दी सहभागी भएका हुन् । कारागारका कैदीबन्दीलाई कारागारभित्रै एसइइ दिने व्यवस्था गरिएको वीरगंज कारागार प्रमुख (जेलर) खिमराज भुसालले बताए । एसइइमा सहभागी हुन एक जनाले बाराबाट र तीन जनाले पर्साबाट परीक्षा फारम भरेको जेलर भुसालले बताए । पर्साबाट यसवर्ष ११ हजार ४ सय १३ विद्यार्थी एसइइ परीक्षामा सहभागी छन् । मधेश प्रदेशका आठ जिल्लाबाट ८८ हजार ८ सय ५८ परीक्षार्थी एसइइ परीक्षामा सामेल भएका छन् । ३ सय १२ परीक्षा केन्द्र र सोही संख्यामा केन्द्राध्यक्ष तोकिएका छन् । ४ सय ५९ सहायक केन्द्राध्यक्ष, ४ हजार ३ सय ७० निरीक्षक, ७ सय ५५ परीक्षा सहायक र एक हजार ६ सय ६६ कार्यालय सहयोगी खटाइएको छ ।




रौतहटको मौलापुर–६ स्थित माध्यमिक विद्यालय परीक्षा केन्द्रमा काँडे तार लगाइएको पर्खालमा चढेर पहिलो तलाको झ्यालबाट चिट पुर्‍याउँदै युवा । तस्बिरः आरके श्रीवास्तव

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**

एसइइ परीक्षाअन्तगत मधेस प्रदेशमा सञ्चालनमा रहेको परीक्षामा केही समयमै प्रश्नपत्र बाहिरिएको छ । सिरहामा माध्यमिक शिक्षा परीक्षा (एसइइ)को पहिलो दिनको परीक्षा शुरु भएको २० मिनेटमै प्रश्नपत्र बाहिरिएको हो ।

पहिलो दिन अंग्रेजी विषयको प्रश्न लहान–१९, सोनमती गाढा, जनता बनवाली माध्यमिक विद्यालय बर्छवा, कल्याणपुर परीक्षा केन्द्रबाट प्रश्नपत्र बाहिरिएको हो । निजी विद्यालयको सेटिङमा केन्द्राध्यक्ष र प्रहरी प्रशासनको सहयोगमै मोबाइल प्रयोग गरी प्रश्नपत्र बाहिरिएको स्रोतले जनाएको छ ।

जिल्ला परीक्षा समन्वय समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी बासुदेव दाहालले एसइइ परीक्षा मर्यादित बनाउन ५० जना डेडिकेटेड व्यक्ति खटाइएको बताए । उनले भने, 'पातसमेत हल्लिन दिइएको छैन । प्रश्नपत्र कसरी बाहिरिएकोबारे अनुसन्धान हुँदैछ । कहाँबाट प्रश्नपत्र बाहिरिएको हो, पत्ता लागे कारबाही हुन्छ ।'

परीक्षा मर्यादित बनाउन यसवर्ष परीक्षा केन्द्रमा मोबाइल तथा अन्य चिटिङ गर्ने समानमा प्रतिबन्ध लगाए पनि प्रश्नपत्र आउट हुँदा प्रहरी प्रशासन र केन्द्राध्यक्षकै सेटिङ रहेको पुष्टि गरेको स्थानीयको आरोप छ । सिरहाबाट प्रश्नपत्र बाहिरएपछि मोबाइलमार्फत नै मधेशको अन्य जिल्लामा समेत पुगेको हो । कतिपयले धनुषाका केही परीक्षा केन्द्रबाट प्रश्नपत्र बाहरिएको दाबी गरिए पनि धनुषाका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले प्रश्नपत्र नबाहरिएको बताउँदै यस विषयमा प्रहरीलाई अनुसन्धान गर्न निर्देशन दिइएकोजानकारी दिए ।

शिक्षा र सुरक्षा मामिलाका अधिकारीले एसइइ परीक्षाको पहिलो दिन मर्यादित नै भएको दाबी गरिरहे पनि सामाजिक सञ्जालमा भने चिट चोरीको भिडिओ भाइरल बनिरहेको छ ।

रौतहटको मौलापुर–६स्थित माध्यमिक विद्यालय परीक्षा केन्द्रमा काँडे तार लगाइएको पर्खालमा चढेर पहिलो तलाको झ्यालबाट चिट पु¥याइएको भिडिओ बाहिरिएको हो । कालो हाफ टिसर्ट लगाएका एक युवा पर्खाल चढेर झ्यालबाट दिएको चिट परीक्षार्थीले धकै नमानिलिएको भिडिओमा देखिन्छ ।

यस्तै, महोत्तरीको औरहीस्थित परीक्षा केन्द्रमा नजिकै रहेको घरको छत हुँदै विद्यालयको भवनको बार्दलीमा पुगेर झ्यालबाट चिट पु¥याइएको भिडिओ पनि बाहिरिएको छ । त्यसैगरी सर्लाही जिल्लाको दुई वटा एसइइ परीक्षा केन्द्रमा खटिएका ३ जना निरीक्षक परीक्षामा अनियमितता गरेको आरोपमा निष्कासित भएका छन् । शिक्षा समन्वय इकाई कार्यालय सर्लाहीका अनुसार यी निरीक्षकलाई परीक्षार्थीलाई चिट चोर्न सहयोग गरिरहेको अवस्थामा पक्रेर कारबाही गरिएको हो । रामसखी मोहित सिंह जनता माध्यमिक विद्यालय (बलरा नगरपालिका–४) मा खटिएका निरीक्षक रिन्कु देवी र रामनारायण बैठा तथा हरिपुर्वा नगरपालिकाको केश्वर गरिब जनता माध्यमिक विद्यालय परीक्षा केन्द्रमा खटिएका निरीक्षक बाबुलाल रायलाई परीक्षामा अनुचित सहयोग गरेको भेटिएको थियो । शिक्षा समन्वय इकाई कार्यालयका अधिकारीले एसइइ परीक्षा निष्पक्ष बनाउन यस्ता अमर्यादित क्रियाकलापमा संलग्न कर्मचारीमाथि कडा कारबाही गर्ने नीति अपनाएको बताउँदै बाँकी परीक्षा केन्द्रको अनुगमन थप कडा बनाउने जनाएको छ ।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय रौतहटले जिल्लामा जारी एसइइ परीक्षामा चिट चोराउने र सहयोग गर्ने २ जनालाई नियन्त्रणमा लिएर कारबाही गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायव उपरीक्षक दीपककुमार रायका अनुसार यमुनामाई माध्यामिक विद्यालय परीक्षा केन्द्रमा परीक्षार्थीबाट रकम लिएर परीक्षा केन्द्रमा मोबाइल प्रवेश गराउने परीक्षा नियन्त्रक र लक्ष्मिनिया मावि मौलापुरमा चिट पु¥याउने एकजनालाई पक्राउ गरिएको हो । दुवैजनालाई जिल्ला अदालत रौतहटबाट म्याद थप अनुमति लिई अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

यस्तै, रौतहटबाट आरके श्रीवास्तवको रिपोर्ट अनुसार, बिहीबार बिहान ८ बजेदेखि सञ्चालन भएको एसइइ परीक्षामा विभिन्न परीक्षा केन्द्रमा चिट चोर्ने प्रयोजनका लागि परीक्षार्थीले शरीरमा मोबाइल लुकाइछिपाई परीक्षा हलभित्र प्रवेश गरेकामा चेकजाँचमा ४ सय २४ वटा मोबाइलसमेत बरामद भएको छ ।

# कृषि विश्वविद्यालयका रजिष्ट्रारद्वारा पदभार ग्रहण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश कृषि विश्वविद्यालयका रजिष्ट्रार श्रीभगवान ठाकुरले सप्तरीको राजविराजस्थित विश्वविद्यालय पुगेर पदभार ग्रहण गरेका छन् । केही साताअघि प्रदेश सरकारले उपकुलपति र रजिष्ट्रारलाई हटाएर नयाँ भर्नासमेत खोलेको थियो । दुवै जनाले सर्वोच्च अदालत पुगेर आफूहरुलाई गैरकानूनीरुपमा हटाइएको भन्दै अन्तरिम आदेश माग गर्दै रिट दिएका थिए ।

अदालतले अन्तरिम आदेश दिएपछि उनले पदभार ग्रहण गरेका छन् । न्यायाधीश नित्यानन्द पाण्डेयको एकल इजलासले निर्णय तत्काल कार्यान्वयन नगर्न मधेश प्रदेशका मुख्यमन्त्री एवम् मधेश कृषि विश्वविद्यालयका कुलपतिसमेतका नाममा अन्तरिम आदेश जारी गरेको थियो । ठाकुर विश्वविद्यालय पुग्दा कर्मचारी र विद्यार्थीले स्वागत गरेका थिए । फागुन २० गते बसेको विश्वविद्यालय सिनेट बैठकले मधेश कृषि विश्वविद्यालयका उपकुलपति डा. वैधनाथ महतो र रजिस्ट्रार भगवान ठाकुरलाई हटाउने निर्णय गरेको थियो ।

नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहनप्रसाद साहको नेतृत्वमा गठित तीनसदस्यीय समितिले असोज ७ गते बुझाएको प्रतिवेदनमा उनीहरू विश्वविद्यालयको अनधिकृत गतिविधिमा संलग्न रहेको भन्दै सिनेटले दुवैजनालाई बर्खास्त गर्ने निर्णय गरेको थियो । तत्कालीन जसपा नेपाल नेतृत्वको सरकारले २०८० मंसिर २१ गते विश्वविद्यालयको उपकुलपतिमा डा. महतोलाई नियुक्त गरेको थियो । त्यसको केही दिनपछि रजिस्ट्रारमा ठाकुर नियुक्त भएका थिए । यसअघि सर्वोच्च अदालतले उपकुलपति डा. महतोलाई हटाउने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिइसकेको छ ।

# विगतको सहकार्य गलत रहेछः प्रचण्ड



*पर्सामा जनताले प्रचण्डलाई गरेको भव्य स्वागत ।*

**मधेशदृष्टि**
**वीरगंज ।**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गएका निर्वाचनमा नेपाली कांग्रेस र नेकपा एमालेसँग सहकार्य गर्दा पार्टीलाई घाटा भएको प्रमाणित भएको बताएका छन् ।

पार्टीको जिल्ला समन्वय समिति, बाराले गरेको तराई–मधेश जागरण सभामा उनले गत उपनिर्वाचन र अहिले जारी स्ववियु निर्वाचनको परिणामले यो अवस्था देखाएको जिकिर गरे ।

पूर्वप्रधानमन्त्री समेत रहेका अध्यक्ष प्रचण्डले एमाले र कांग्रेसले अब माओवादी केन्द्र आफ्नै खुट्टामा उभिन सक्दैन भनेर स्थापना गर्न थालेको भाष्य गलत सावित भएको बताए ।

उनले केही क्याम्पसमा नयाँ इतिहास रचना भएको भन्दै यसअघिका सहकार्यबाट माओवादीलाई घाटा भएको बताए ।

# प्रदेश सभा सदस्य र मन्त्रीबीच बाझाबाझ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेश सभाको बैठकमा प्रदेश सभा सदस्यले योजनाको खरिद बिक्री भइरहेको भन्दै सरकारको आलोचना गरिरहेको अवस्थामा प्रदेश सभा सदस्य निरुल निशाले समेत पर्यटन मन्त्रालयको योजनाको विषयमा खरिदबिक्रीको विषय उठाएकी छन् । प्रदेश सभाको योजना खरिदबिक्री भइरहेको विषयमा प्रदेश सभा सदस्यले उठाएको प्रश्नको जवाफ दिन मधेश प्रदेशका उद्योग वाणिज्य तथा पर्यटन मन्त्री सकिल अलि मियाले आफ्नो कुरा राख्दै मन्त्रालयबाट कुनै पनि योजना सञ्चालन नभएर आफ्नो मन्त्रालयमातहत रहेको सम्बन्धित कार्यालयबाट नै योजना सञ्चालन भइरहेको बताउँदै आफूहरुमाथि नियोजितरुपमा आरोप लगाइएको बताए । मन्त्रीले आपत्ति जनाएपछि लोकतान्त्रिक समाजवादी पार्टीका प्रदेश सभा सदस्य जयनुल राइनले आपत्ति जनाए । मन्त्री बोलिरहेको समयमै उनले उठेर विरोध गर्दै आपत्ति जनाए । मन्त्रीले हिजोको प्रदेश सभामा जयनुल राइनले उठाएका कुरालाई प्रदेश सभाको रेकर्डबाट हटाउन माग गरेपछि उनले उठेर विरोध जनाएका थिए । तर मन्त्रीले आफ्नो कुरा राखिरहेका थिए । पछि सभामुखले राइनलाई बोल्न समय दिएका थिए ।

राइनले भने प्रदेश सभा सदस्य निरुल निसाको श्रीमानसँग रकम मागिएको र सोको टेलिफोन टेप नै आफूसँग रहेको र त्यसलाई जुनसुकै अवस्थामा सार्वजनिक गर्न तयार रहेको बताए । उनले भने, 'म यहाँ सार्वजनिक गरिदिन्छु होइन भने सामाजिक सञ्जालमा सार्वजनिक गर्छु ।' राइनले भने, 'म सामाजिक संजालमा त्यो कुरा हालिदिन्छु, कसले के कुरा गरेको छ ।'

## योजनामा बिचौलियाको बिगबिगी बढेकामा आपत्ति

मधेश प्रदेश सरकारले सञ्चालन गरिरहेको विभिन्न योजना खरिदबिक्री भइरहेको भन्दै प्रदेश सभाका सदस्यहरुले आपत्ति जनाएका छन । सत्तापक्ष र विपक्षका प्रदेश सभा सदस्यले मन्त्रालयबाटै योजनाहरुको खरिदबिक्री भइरहेको भन्दै आपत्ति जनाएका हुन् ।

प्रदेश सभाको विशेष समयमा बोल्दै मधेश प्रदेश सभा सदस्य लखन दास तत्माले प्रदेश सभामा मन्त्रीहरु फोन नउठाएर योजना खरिदबिक्रीमा लिप्त रहेको आरोप लगाए । उनले विगतमा प्रदेश सभा सदस्यलाई दिने भनिएको योजनासमेत नदिएको भन्दै आपत्ति जनाए । दासले मधेशमा अहिले योजना खरिदबिक्री गर्न बिचौलियाको बिगबिगी बढेको र उनीहरु सहजरुपमा रकम दिएर योजना पाउने गरेको समेत बताए । दासले भने, 'केही योजना मेरो वडामा बिचौलियामार्फत राखिएको छ, निर्वाचनमा अर्को क्षेत्रका पराजित भएका व्यक्तिहरु २० लाख रुपैयाँको योजना लिएर जान्छन्, मन्त्रीहरु शिलान्याससमेत गर्छन तर हामीलाई थाहै हुादैन । यो कस्तो सरकार हो ।'





प्रदेश सभा सदस्य जंगीलाल यादवले बजेट पास गर्ने समयमा मुख्यमन्त्रीले बजेटमा भएको कमजोरी पछि सच्याउदै छुटेका योजना समावेश गर्ने वचन दिए पनि अहिलेसम्म त्यसमा सुधार नभएको बताए ।

उनले अहिले पनि बजेटमा प्रदेश सभा सदस्यको योजनासमेत समावेश नगरिएका कारण विगतमा जस्तो अवस्था देखिएको त्यस्तै अवस्था सृजना भएको आफूहरुले पाएको बताए । यादवले बिचौलियाको बिगबिगी मात्रै नबढेको र उनीहरु योजना लिएर आफनो कामसमेत गरिरहेको बताउँदै केही योजना अर्थमन्त्रीले रोकको र आफूहरुले राखेको माग सम्बोधन गर्न माग गरे ।

प्रदेश सभा सदस्य सुरिताकुमारी साहले सर्शत अनुदान र विशेष अनुदान गोप्यरुपमा बाँडिने गरिएको भन्दै सत्ता बाहिर हुँदा यस्ता कार्यको विरोध गर्ने तर सत्तामा गएपछि यस्तै कार्य गर्नु उचित नभएको बताइन् । उनले भनिन्, 'राम्रा योजना सञ्चालन गरिएको खण्डमा संघीयता सबल बन्छ होइन भने संघीयता कमजोर बन्छ ।'

प्रदेश सभा सदस्य शम्भुकुमार साहले मन्त्रालयको विभिन्न जिल्लामा कार्यालय भए पनि त्यहाँबाट योजना सञ्चालन हुनुको साटो मन्त्रालयबाटै योजना सञ्चालन भइरहेको आरोप लगाए । उनले अहिले मधेश प्रदेशका योजना बिक्री भइरहेको भन्दै सबैतिर चर्चाको विषय भएको दाबी गरे । प्रदेश सभा सदस्य जवाहर कुशवाहाले झोलामा योजना राखेर मन्त्रीहरु नै जिल्ला कुदेर योजना बाँड्ने गरेको भन्दै बिचौलियामार्फत योजना सञ्चालन भइरहेको आरोप लगाए । उनले योजना बिक्री भइरहेकाले जनतामा असन्तोष बढेको र मन्त्रीले शिलान्याससमेत प्रहरीको घेरामा गर्नुपरेको बताए । कुशवाहाले भने, 'अहिले त प्रहरीको घेरामा गर्नु हुन्छ, भोलि हरेक ठाउँमा विरोध भयो भने कति ठाउँमा कहाँबाट प्रहरी ल्याउनु हुन्छ ?'

प्रदेश सभा सदस्य शेष अबुल कलाम आजादले १५ प्रतिशतमा समेत योजना बिक्री भइरहेको र कतिपय योजना कार्यालयले आफैँ कमिसशन लिएर बेच्ने गरेको र यसले जनताले कसरी विकास र सुशासनको अनुभूति पाउने भन्दै प्रश्न गरे ।

## सम्पादकीय

# किन लखेटिन्छन् मन्त्री आफ्नै गाउँमा ?

बुधबार मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री सरोजकुमार यादव आफ्नै गृहजिल्ला र निर्वाचन क्षेत्रमा जनताबाट लखेटिएको समाचार बाहिरिएको छ । रामगोपालपुर नगरपालिका पुगेका मन्त्री यादव स्थानीयबाट लखेटिएका हुन् । उनले त्यहाँ पुगेर माओवादीका नेता कार्यकर्तासँग विवाद भएपछि लखेटिनु परेको हो । विकास निर्माणको पवित्र उद्देश्यमा छलफल भइरहँदा मन्त्रीको प्रस्तुतिमा असहमति देखिएपछि स्थानीय रुष्ट भएका थिए ।

दलबलसहित पुगेका मन्त्री यादवलाई सुरक्षाकर्मी परिचालन गरेर माहौल शान्त पार्दै भगाउनु परेको थियो । सरकारले बनाएको योजना बेचबिखन गर्ने, कमिसन माग्ने, ठेकेदार परिचालन गरेर विकासे योजनामा कमिसनको बोलकबोल नभइ काम नै नहुने जस्ता अनेक आरोप यादवमाथि लाग्ने गरेको छ । अघिल्लो हप्ता मात्रै मन्त्री यादवले पत्रकारहरुलाई समेत तथानाम बोलेका थिए । पछि इज्जत ढाक्न कुनै एउटा मिडियाको नाम तोकेर आफू बच्ने प्रयास गरेका थिए । मधेश सरकारका जति पनि विवाद हुन्छन्, त्यसमा कहीँ न कतै बिगतमा पनि मन्त्री यादवको यस्तो विवाद र आरोपमा संलग्नता नभएको होइन, कम बाहिरिएको मात्र हो ।

मन्त्री यादवको गृहजिल्ला समेत रहेको अवस्थामा मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री यादव आफ्नै निर्वाचन क्षेत्रमा जनताको लखेटाइमा पर्नु राम्रो संकेत होइन । राजनीति लामो बाटो हो । रामगोपालपुर नगरपालिका वडा नम्बर ८ टिकुलिया चोकमा योजना सञ्चालनका विषयलाई लिएर नेकपा माओवादी केन्द्रका कार्यकर्तासँग तनाव बढेपछि मन्त्री यादव लखेटिएको स्थानीयले बताए । स्थानीयका अनुसार पछिल्लो समय मन्त्री यादवले योजना सञ्चालनमा मनोमानी गरेको र प्रदेश सरकारबाट सञ्चालित योजना कमिसन लिएर योजना बलपूर्वक किनबेच भइरहेको विषय बरोबार बाहिरिएकै छ ।

यादव सार्वजनिक हिसाबले जनसम्पर्कमा आउन पनि रुचाउँदैनन् । सञ्चारजगतलाई अनेक आरोप लगाउँछन् र आफ्ना निकटका केही सञ्चारकर्मीसँग मात्र सम्पर्कमा रहन्छन् । मन्त्री पदमा बसेपछि उठ्ने प्रश्नको जवाफ दिनु पर्छ तर सरकार र दललाई निजी कम्पनी र आफूलाई मुखिया ठान्ने यादवको कमजोरीले उनी मिडियामा पनि उस्तै आलोचित छन् । केही मिडियाले उनको बचाउमा गरेको मेहनत अरु लज्जास्पद देखिने गरेका छन् । योजना किनबेचबारे अघिल्लो मधेश सरकारमा उनको संलग्नताबारे पनि बेलाबखत पूर्ववर्ती सरकारका सहकर्मीहरु भो अब कुरा नगरौँ भन्दै बिर्सन चाहन्छन् ।

स्थानीय उपभोक्ता समितिबाट सञ्चालित हुने योजनामा मन्त्री यादवले कमिसन मागेको र ठेकेदारमार्फत काम गराउन बलपूर्वक सञ्चालनमा ल्याउन खोजिएको उनीमाथि आरोप छ । पछिल्लो समय मधेश प्रदेश सरकारका मन्त्रीले अरु सासंदको योजनासमेत ठेकेदारमार्फत पालिकाबाट सिधै उपभोक्ता समिति गठन गराएर ठेकेदारमार्फत सञ्चालन गरिरहेको जनआवाज उठ्दै आएको छ ।

केही समयअघि मात्रै मन्त्री यादवले पत्रकारले योजना मागेको र समाचार लेखिदिन्छु भन्दै एमालेले नेतृत्वको गरेको मन्त्रालयको छानिछानी समाचार लेखेको अभिव्यक्ति मात्र दिएका थिएनन्, उनले आफू यही दबाबले डिप्रेसनमा जान्छु कि भन्नेसम्म भय रहेको प्रतिक्रिया दिएका थिए । मन्त्री यादव नेकपा एमालेको मधेश प्रदेश संसदीय दलका नेता र जनमत पार्टी नेपालका मुख्यमन्त्री सतिश कुमार सिंहको सरकारमा भौतिक पूर्वाधार विकास मन्त्री छन् । मधेशजस्तो सोझा जनताको भूमिको मन्त्री लखेटिनु पक्कै राजनीति गर्नेहरुलाई चोटिलो प्रश्न हो ।



# संविधानको परिधि र सरकारको निर्देशनमा सेना काम गरिरहेको छ

**मानवीर राई,**
**रक्षामन्त्री**

*रक्षामन्त्री मानवीर राईले नेपाली सेनाले नेपालको इतिहासको जुनसुकै कालखण्डमा पनि देश, जनता र सरकारप्रति जिम्मेवार भएर काम गर्दै आएको बताउनुभएको छ । उहाँले सडकसहितका पूर्वाधार निर्माणको जिम्मेवारी सेनाले चाहेको, मागेको र खोजेको नभई सरकारले खटाएको स्पष्ट पार्नुभयो । रक्षामन्त्री राईले भन्नुभयो, 'सरकारले दिएको निर्देशनमा रही सेनाले सधैँ आफ्नो जिम्मेवारी र कर्तव्यपालन गर्दै आएको छ । सरकारले खटाएको र दिएको निर्देशन उल्लङ्घन गरेको इतिहासमा कहीँकतै पाएको छैन ।' देशको राजनीतिक अभ्यास, रक्षा मन्त्रालयको कार्य जिम्मेवारी, मातहतका आयोजनाको प्रगति, चुनौती र नेपाली सेनाको भूमिकालगायतका समसामयिक विषयमा राससले लिएको अन्तर्वार्ताको सम्पादित अंशः*

**मन्त्रीज्यू पछिल्लो समय केमा व्यस्त हुनुहुन्छ ? मुलुकमा अहिले भइरहेको राजनीतिक अभ्यासलाई कसरी हेरिरहनुभएको छ ?**

प्रायः मन्त्रालयको दैनिक काम, मन्त्रिपरिषद् बैठक र संसद् बैठकमा हुने छलफल र कार्यक्रममा समय बितिरहेको छ । संविधान जारी भएपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरियो । त्यही संविधानको मर्म र भावनाअनुरुप मुलुकलाई अघि बढाइरहेका छौँ । प्रत्येक दश वर्षमा संविधान संशोधन गर्ने कतिपय मुलुकको अभ्यास छ । हाम्रो पनि संविधानसभाबाट संविधान जारी भएको दश वर्ष पुग्न लाग्यो । नमिलेका, अप्ठ्यारा, संशोधन गर्न सकिने र मिल्ने खाले विषयलाई संशोधन गर्नुपर्छ । संविधानलाई समयानुकूल तुल्याउन ठीक ढङ्गले अघि बढाउने कार्य भइरहेको छ ।

**संविधान संशोधनसम्बन्धी विषयमा केकस्तो प्रगति भइरहेको छ ?**

संविधान निर्माणमा जसरी आम सहमति जुटाइएको थियो, संविधान संशोधनमा पनि कुनै विषय आयो र प¥यो भने त्यसरी नै सम्पूर्ण दलबीच सहमति कायम गरी अघि बढ्नुपर्छ । संविधान निर्माणको मर्म र भावनाअनुरुप सरकारले सबैलाई सहमतिमा ल्याउँछ । त्यसका लागि गृहकार्य सुरु भइसकेको छ । केही समयमा यसका विषयवस्तु बाहिर आउनेछन् । संशोधनका विषयवस्तु यी हुन् भनेर भनिहाल्न हतार भएको छैन ।

**सङ्घीयता कार्यान्वयन र तीन तहका सरकारबीचको सहकार्य, समन्वय र सहयोगमा भइरहेको अभ्यासलाई कसरी हेर्नुभएको छ ?**

नेपालको संविधानबमोजिम गठित सङ्घ, प्रदेश र स्थानीय तहबीचको अभ्यासका क्रममा कतिपय अधिकार बाँडफाँडका विषयमा देखिएका विवादलाई मिलाएर सुधार गर्दै अघि बढ्नुपर्छ । हाम्रा छिमेकी मुलुकमा सङ्घीयता लागू भएको धेरै वर्ष भए पनि मिलाउने र सुधार्ने काम अझै जारी रहेको देखेका छौँ । नेपालमा वर्तमान संविधानको अभ्यास दश वर्ष हुने क्रममा छ । यस क्रममा देखिएका समस्या समाधान गर्दै जानुपर्छ । अहिले देशमा विकास होस् वा अरू सामाजिक काम एउटा लयमा अगाडि बढेको छ । हिजोको अवस्थासँग तुलना गरियो भने सडक र बिजुली घरघरमा पुगेको छ । यो सङ्घीय लोकतान्त्रिक गणतन्त्रबाट मात्र सम्भव भएको छ । विगतमा केन्द्रमा सीमित हुने गरेका स्रोतसाधन अहिले पालिका वडासम्म पुगेको छ । जनताले सहज र सरल रुपमा उपभोग गर्न पाउने वातावरण बनेको छ । तर यसभित्र पनि कतिपय विषयवस्तु मिलाउन पर्ने अवस्था भने छन् ।

**सुशासन प्रवद्र्धन र भ्रष्टाचार अन्त्यका विषयसँग जोडिएर उठेका प्रश्नलाई कसरी हेरिनु पर्ला ?**

विगत कसको सरकारमा के भए भनी टिप्पणी गर्न चाहन्न । अहिले हामीले भनेका छौँ, देश र जनताका लागि अघि बढाइने कुनै काम र गतिविधि रोकिन हुन्न । यो विषय अध्यादेशमार्फत पनि समावेश गरेका छौँ । जनताले अपेक्षा गरेअनुरुप सुशासनको प्रत्याभूति दिलाउन कोसिस भइरहेको छ । त्यो क्षेत्रमा पनि विगतभन्दा सुदृढ छँदैछ । तर जुन हिसाबमा सेवा प्रवाह हुनुपथ्र्यो त्यो भने हुन सकेको छैन । वर्तमान सरकार आइसकेपछि सहकारीसहित ६०० भन्दा बढी मुद्दा अघि बढाइसकिएको छ । विपक्षीले सदनमा नारा र आरोप लगाउने कुरा अलग्गै हो । भ्रष्टाचार भएको रहेछ भने अनुसन्धान गर्ने निकायमा सिकायत गर्न सकिन्छ । त्यसका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका निकायमा उजुरी दिन सकिन्छ । बिनाआधार र प्रमाण भ्रष्टाचार भयो भन्न मिल्दैन । तथापि, भ्रष्टाचार अन्त्यका लागि सरकार कठोरताका साथ उभिएको छ । संविधान कार्यान्वयन, सुशासन, सहकारी पीडितका समस्या अन्त्य गर्न सरकार अग्रगमनको दिशामा अगाडि बढेको छ ।

**मुलुकको स्वाधीनता, स्वतन्त्रता र अखण्डतासँग जोडिएको रक्षा मन्त्रालयको नेतृत्वमा हुनुहुन्छ । लक्ष्य प्राप्तिका लागि कसरी कार्यसम्पादन अघि बढाउनुभएको छ ?**

मन्त्रालयको मुख्य जिम्मेवारी भनेको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वतन्त्रता, स्वाधीनता, राष्ट्र र राष्ट्रियताको रक्षा गर्ने रहेको छ । जनतालाई भैपरी आउने बाधाअड्चन र अप्ठ्यारा हटाउने तथा शान्ति सुव्यवस्था प्रदान गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिएको छ । रक्षा मन्त्रालय मातहत रहेको नेपाली सेनाले राष्ट्र र जनताको हितका खातिर अहोरात्र परिचालित भई सहयोग गरिरहेको छ । जनतालाई सेवा गर्ने र मुलुकको रक्षा गर्ने कुरा मन्त्रालयले जिम्मेवारीपूर्वक काम गरिरहेको छ ।

**कार्य जिम्मेवारीका सिलसिलामा केही त्यस्ता चुनौती महसुस गर्नु परेको छ कि ?**

मुलुकको धार्मिक, सांस्कृतिक र जातीय विविधताजस्तै हिमाल, पहाड र तराईको बनोट उत्तरबाट दक्षिण ढल्किएको भिरालो जमीनसहितको भौगोलिक अवस्था छ । हरेक वर्ष बाढी, पहिरो, भू–क्षय, डुबान र भूकम्पको जोखिम छ । पहाड र हिमालको भिरालो भूगोल भएकाले काम गर्न चुनौती छ । जेजस्ता समस्या र चुनौती भए पनि मुलुकको रक्षा र जनताको सेवाका लागि मन्त्रालय र नेपाली सेना कटिबद्ध भएर अघि बढिरहेका छौँ ।

**सेनाका मुख्य जिम्मेवारी देशको स्वाधीनता र जनताको सुरक्षा भए पनि सडकलगायतका पूर्वाधार निर्माण र अन्य व्यपारमा लगाइयो भन्ने आरोप छ नि ?**

सडकसहितका पूर्वाधार निर्माणको जिम्मेवारी सेनाले चाहेको, मागेको र खोजेको होइन । नेपाली सेना जुनसुकै कालखण्डमा पनि देश, जनता र सरकारप्रति जिम्मेवार भएर काम गर्दै आएको छ । सरकारले संवैधानिक दायराभित्र रही अह्राएको र खटाएको काम सेनाले गर्छ । सरकारको निर्देशन उल्लङ्घन गरेको इतिहासमा कहीँ कतै पाएको छैन । सरकारले सेनालाई विकास निर्माणका कार्यमा स्वतस्फूर्त खटाएको हो ।

कतिपय जिल्ला सदरमुकाममा सडकको पहुँच पु¥याउन 'ब्लास्टिङ' गर्दै पहरो फुटाउने जिम्मा सेनाले नलिने हो भने बाटो त्यहाँ पुग्दैन । त्यो कामका लागि सरकारले सेनालाई अनुरोध गरी खटाएको हो । अहिले पनि गोरखाको माथिल्लो भेगमा सडक निर्माणका लागि सेनालाई जिम्मा दिन प¥यो भनी जनप्रतिनिधिले अनुरोध गरिरहनुभएको छ । गत असोजमा खुर्कोटस्थित सुनकोशी बाढीले पुल बगाएपछि सेना परिचालन नगरिएको भए बेलिब्रिज तत्काल जडान हुँदैन थियो । अहिले पनि तातोपानी क्षेत्रमा दुई र हुम्लाको खार्पुनाथमा बेलिब्रिज जडान भइरहेको छ । अरू अलपत्र परेका सडक पनि सेनालाई निर्माणको जिम्मा दिन प¥यो भन्ने माग ठूलो छ । केही महिनाअघि किमाथाङ्कावासीले सडक कालोपत्र नगरी सेनालाई फर्काउन हुँदैन भनेर मलाई घेरा हालेर दबाब दिए । त्यहाँको डरलाग्दो भिर र चट्टान सेनाबाहेक अरूले फुटाउन सक्ने क्षमता नहुँदो रहेछ । अरू ठेकेदारले नसकेका जोखिम क्षेत्रमा सेनाले काम गरिरहेको छ । अहिले पनि सेनाले राष्ट्रिय गौरवका सहित रणनीतिक र सामरिक महत्वका सडकमा काम गरिरहेको छ । सेना व्यापार र व्यवसायमा लागेको नभई देश र जनताका हितका खातिर सरकारले दिएको आदेश पालना गरेको हो ।

**रक्षा मन्त्रालय मातहतका आयोजना र योजनाका प्रगति, भोग्नु परेका समस्या र समाधानका लागि गरिएको प्रयास केकस्ता छन् ?**

विकास निर्माणका आयोजना अघि बढाउने सिलसिलामा आउन सक्ने विभिन्न खालका बाधा र चुनौतीलाई पन्छाएर जानुपर्छ । नेपालमा खासगरी भौगोलिक र कतिपय सामाजिक चुनौती छन्, त्यसलाई छिचोलेर जाने कोसिस भइरहेको छ । उदाहरणका रुपमा काठमाडौँ–तराई मधेस दूरतमार्ग (फाष्ट ट्रयाक) देशकै सर्वाधिक महत्वको आयोजना हो । आयोजनाको रेखाङ्कनभित्र जग्गा पर्ने स्थानीयलाई आवश्यक मुआब्जा दिएर अघि बढ्ने विषयमा विभिन्न कोणबाट वार्ता र छलफल भइरहेको छ । विशेषगरी प्रस्थानविन्दु खोकनाको जग्गा प्राप्तिको विषय सम्बोधन गर्न सङ्घीय र प्रदेश सदस्य तथा स्थानीय सरकारसँग छलफल गरी समस्या र मागको पहिचानका लागि कोसिस भइरहेको छ । आयोजना अघि बढाउने क्रममा सुरुङ र विशिष्ट प्रकृतिका पुल निर्माणको काम धमाधम भइरहेको छ । आयोजना छिटो सम्पन्न गर्न लागिरहेका छौँ । हालसम्मको प्रगतिले निर्धारित समयमै आयोजना सम्पन्न हुनेमा उत्साहित र सन्तुष्टि दिलाएको छ । आयोजनालाई तोकिएकै मितिमा सम्पन्न गर्नेगरी निरन्तर निरीक्षण भइरहेको छ ।

**नेपाली सेनाको व्यवस्थापनमा काम भइरहेका आयोजनामा समयमै बजेट निकासा नभएर अप्ठ्यारोमा परेको भन्ने चर्चा छ, त्यस्तो हो र ?**

सेनाले जिम्मा लिएका आयोजनामा बजेटको अभाव छ भन्ने होइन । केही कम त छ तर बाहिर भनिएबमोजिम बजेटकै अभावमा काम रोकिने अवस्था भने होइन ।

**मन्त्रालयको नेतृत्व गरिरहँदा नेपाली सेनासँग जोडेर आउने गरेका टिप्पणीलाई कसरी लिनुभएको छ ?**

नेपालको इतिहासको जुनसुकै कालखण्डमा सरकारप्रति नेपाली सेना इमान्दार छ । आदेश पालना गरेको छ । संविधानलाई आत्मसात् गरी अघि बढेको छ । नेपाली सेनासँग जोडेर आउने गरेका भ्रमपूर्ण कुरामा कुनै सत्यता छैन । सेनाको जिम्मेवारी, कर्तव्य र चरित्र नबुझेर त्यस्ता नकारात्मक टीकाटिप्पणी आएका हुन् । संविधानको अधीनमा र सरकारको निर्देशनमा सेनाले काम गरिरहेको छ ।

सेना विश्वशान्ति कार्य, आन्तरिक सुरक्षा, सडक कोरिडोर निर्माण, विपद्का समयमा राहत तथा उद्धार, स्वास्थ्योपचार, खेलकुदलगायतका क्षेत्रमा गौरव गर्न लायक ढङ्गबाट काम गर्दै अगाडि बढेको छ । सेनाको इमान्दारिताप्रति 'स्यालुट' र सम्मान गर्न चाहन्छु । मुलुकको भरपर्दा सुरक्षा सङ्गठनका रुपमा सेनालाई पाएको र बुझेको छु ।

**नेपाली सेनालाई अझ व्यावसायिकीकरण गराउन के कस्ता काम र पहल भइरहेको छ ?**

नेपाली सेनाले थुप्रै समस्याका बीचमा पनि देशहित र जनताको भलाइमा राम्रो काम गरिराखेको छ । अरू मुलुकका तुलनामा तलबलगायतका सुविधा कम छ । ब्यारेकमा भनेजस्तो भौतिक पूर्वाधार बनाउन सकिएको छैन । कतिपय तराईका जिल्लामा रहेका ब्यारेकका पूर्वाधारको दयनीय अवस्था छ । तालिम र अन्य कार्यका लागि आवश्यक न्यूनतम जमिन पनि उपलब्ध गराउन सकिएको छैन । यद्यपि, सेनाका मागलाई सम्बोधन गर्न प्रयास गरिरहेका छौँ । सेनालाई चाहिने विस्फोटक पदार्थ, खरखजाना र लत्ताकपडा स्वदेशमै उत्पादन गर्ने र प्रयोग बढाउने कार्य भइरहेको छ । ब्यारेक भवन र बङ्करलाई व्यवस्थित गर्ने प्रयास जारी छ । सीमित स्रोतसाधनमा काम गरिरहेको सेनाको मनोबल बढाउन आवश्यक छ । नेपाली सेनाले अन्तरराष्ट्रिय शान्ति स्थापना कार्यमा आफूलाई अब्बल साबित गरेको छ । त्यो भएर नै शान्तिसेना धेरै पठाउने सूचीमा नेपाल पहिलो नम्बरमा छ । त्यस्तै शान्तिसेनामा महिला सैनिक धेरै खटाउने देशमा नेपाल नै अग्रपङ्क्तिमा छ । सीमित स्रोतसाधन, समस्या र चुनौतीका बीचमा सेनाले धेरै काम गरेको छ । आउँदो बजेटमा सेनाको सुविधा र व्यवस्थापनमा सरकारले थप ध्यान पु¥याउने छ ।

**देशको महत्वपूर्ण मन्त्रालयको नेतृत्व गरिरहनुभएको छ । वास्तवमा सरकार भनेको के रहेछ ?**

सरकार देशको अभिभावक हो । सरकारले देश र जनतालाई माथि उठाउन दूरदृष्टि राखेर भौतिक विकास र मानवीय विकासमा काम गर्नुपर्छ । जनतालाई मेरो सरकार हो भन्ने अनुभूति गराउन सक्नुपर्छ । देशको अर्थतन्त्र क्रमशः लयमा फर्कंदैछ । सीमित स्रोतसाधन बीचमा जनताको इच्छा र चाहनाअनुरुप काम गर्ने प्रयत्न भइरहेको छ ।

**युवा विदेश पलायन हुनेक्रम बढिरहेको छ । राज्यले उनीहरुलाई स्वदेशमै रहने वातावरण कसरी मिलाउँदैछ ?**

यो बेरोजगारीसँग जोडिएको समस्या हो । मुलुकमा राजनीतिलाई स्थिरता र उद्योगधन्दालाई विस्तार गर्न नसकेको परिणाम बेरोजगारी समस्या बढ्दै गएको हो । मुलुकको अर्थतन्त्रलाई रोजगारमूलक बनाउन नसक्दा पनि समस्या आउन पुग्यो । हुन त छिमेकी सम्पन्न देशका नागरिक पनि आफ्ना इच्छाले अरू देशमा काम गर्न जाने चलन छ । नेपालको चाहिँ बेरोजगारीकै समस्याले हो । सरकार यसलाई न्यूनीकरण गर्न अगाडि बढेको छ । रोजगारी सिर्जना गर्न विभिन्न प्रयत्न गरेको छ । हामी यसमा सचेत छौँ, त्यसका लागि विगतदेखि नै युवालक्षित एउटा महत्वपूर्ण कृषिको आधुनिकीकरण कार्यक्रम सुरु गरिएको छ । मुलुकमै उद्योग सञ्चालन गरेर त्यसलाई सम्बोधन गर्न सकिन्छ । जलविद्युत् उत्पादनलगायत सम्भावना रहेका उद्योगमा रोजगारी सिर्जना गर्न लाग्नुपर्छ । सूचना प्रविधिको क्षेत्रलाई पनि विकास र विस्तार गर्दै लैजानुपर्छ ।

**अहिले सडकमा देखिएका गतिविधिको अन्त्य र राजनीतिक स्थिरताका बारे जनतालाई आश्वस्त तुल्याउने सन्देश केही छ ?**

मुलुक अहिले संविधान कार्यान्वयनकै चरणमा छ । देश सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेकै कारण सामान्य जनताका छोराछोरी राष्ट्रपति बन्ने अवसर प्राप्त भएको छ । हिजो नेपाली समाजमा दलित र उपेक्षित भनिएका जातजाति तथा सीमान्तकृत वर्गका व्यक्ति जुनसुकै बेला राष्ट्रपति हुनसक्ने व्यवस्था अपनाइएको छ । संविधान कार्यान्वयन गर्ने क्रममा देखिएका समस्या सम्बोधन तथा नमिलेका कानुनलाई समयानुकूल तुल्याउँदै अघि बढ्नुपर्छ ।

**मुलुकमा केही भएन, हुने अवस्था पनि देखिन्न, अब नेपालमा बसेर केही हुन्न भन्ने सोच र भाष्य निर्माण गरिएको छ नि ?**

मेरो गृहजिल्ला सोलुखुम्बु हो । हामीले पहिले दोलखाको जिरीमा पुगेर नुनको भारी बोकेर लैजानुपर्ने बाध्यता थियो । अहिले सगरमाथा फेदी लुक्लासम्म मोटर पुगेको छ । नुन बोक्न जिरी धाउन पर्दैन । सोलुजस्तै पूर्वी र पश्चिम नेपालका पहाडी ग्रामीण भेगमा सडक, बिजुली, शिक्षा, स्वास्थ्य र सूचना प्रविधिको पहुँचले ठूलो परिवर्तन भएको छ । अहिले घरघरमा बिजुली पुगेको छ । यो आजको व्यवस्था अर्थात् सङ्घीय लोकतान्त्रिक गणतन्त्र आएपछि मात्र सम्भव भएको हो ।

**यहाँको जिल्लाको प्राथमिकता के हुन् ? देशवासी र मतदातालाई केही सन्देश छ ?**

सोलुखुम्बु विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको जिल्ला भएकाले यहाँका हिमालहरु जलवायु परिवर्तनको असरबाट सङ्कटमा पर्ने हुन् कि भन्नेमा चिन्तित छु । जलवायु परिवर्तनको असरले सेता हिमाल काला पत्थरमा परिणत हुने अवस्था सिर्जना हुँदैछ । हिमालमा हिउँ परेन भने पानीको स्रोत सुक्छन् । यसबाट नेपाल मात्र नभई सिङ्गो पृथ्वीलाई नै असर पर्छ । हामी हिमाल बचाउन लाग्नुपर्छ । त्यसैका लागि सरकारले सगरमाथा संवाद कार्यक्रम अगाडि बढाएको छ । संसरभरिका मुलुकले यसमा चासो दिनु जरुरी छ । काठमाडाँमा बरु संसारका मान्छे एकै ठाउँमा भेट्न नसकिएला तर विश्वका सबै देशका पर्यटक सोलुखुम्बुको आधार शिविर क्षेत्रमा भेटिन्छन् । त्यस क्षेत्रमा यातायातको सहज पहुँच विस्तारमा सरकार लागिपरेको छ । सडक पुगेको ठाउँमा कालोपत्रको काम अघि बढिरहेको छ । अरू जिल्लाजस्तै सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, पर्यटन प्रवद्र्धन, विद्युत् विस्तार नै जिल्लाका प्राथमिकताका विषय हुन् । एउटा सडक सोलुखुम्बुबाट भोजपुरको सीमा हुँदै अरुण नदी पछयाएर किमाथाङ्का जोड्न पर्छ भनी हामी लागिरहेका छौँ । रासस

मधेश प्रदेश सरकार
गृह, सञ्चार तथा कानुन मन्त्रालय
**आमसञ्चार प्राधिकरण**
**Mass Communication Authority**
जनकपुरधाम, मधेश प्रदेश, नेपाल

## सञ्चार उत्सव कार्यक्रमको लागि प्रस्ताव आव्हानको सूचना

**दोश्रो पटक प्रकाशित मितिः २०८१।१२।०८ गते**

यस आमसञ्चार प्राधिकरणको आ.व. २०८१।०८२को वार्षिक स्वीकृत कार्यक्रम अनुसार एक दिने सञ्चार उत्सव कार्यक्रम मधेश प्रदेशको प्रदेश खर्च मापदण्ड, २०८० तथा प्रचलित खरिद ऐन नियमावली अनुसार मधेश प्रदेशको राजधानी जनकपुरधाममा गर्नुपर्ने भएकोले सोको लागि मिति २०८१/११/०६ गतेको प्रथम पटक राष्ट्रिय दैनिक (मधेशदृष्टि) पत्रिकामा प्रकाशित भएकोमा नियम अनुसारको प्रस्ताव पेश नभएको हुँदा सञ्चार उत्सव कार्य गर्ने सम्बन्धी उद्देश्य राखी प्रचलित कानूनबमोजिम दर्ता भएको गैर सरकारी संस्थालाई संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व. २०८०।०८१को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि, भ्याट/प्यानमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८०।०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि नोटरी पब्लिक गराई मिति २०८१।१२।२२गते भित्र सिलबन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना पुनःप्रकाशन गरिएको छ।

नोटः प्रस्तावको ढाचाँ कार्यालयको website: www.mca.madhesh.gov.np अथवा कार्यालयमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

# ऐतिहासिक शम्भुनाथ मन्दिरको कायापलट गरिँदै

**मनोज माझी**
**राजविराज ।**



सप्तरीको शम्भुनाथ नगरपालिकाले धार्मिक तथा पर्यटकीयस्थल शम्भुनाथ मन्दिर आसपासका सार्वजनिक जग्गा मिचेर निर्माण गरिएको घर टहरा डोजर लगाएर भत्काउन शुरु गरेको छ ।

शम्भुनाथ नगरपालिका–३ स्थित मन्दिर आसपासका सार्वजनिक एवम् सडकको जग्गासमेत अतिमक्रमण गरेर बनाइएका घरटहरा डोजर लगाएर भत्काइएको हो ।

सार्वजनिक जग्गा अतिक्रमण गरेर बनाइएका संरचना हटाउन पटकपटक लिखित र मौखिक आग्रह गर्दापनि अटेर गरेपछि पालिकाले डोजर लगाएर संरचना भत्काउन थालेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विनय कुमार सोनुले बताए ।

धार्मिक तथा पर्यटकीय स्थलका रुपमा रहेको मन्दिरकै नामबाट शम्भुनाथ नगरपालिका नामाकरण गरिएको बताउँदै उनले मन्दिर क्षेत्रलाई व्यवस्थित गर्न अभियान शुरु गरिएको जानकारी दिए ।

उनले अतिक्रमित जग्गा खाली गराई मन्दिर क्षेत्र व्यवस्थित गर्दै मन्दिरको सौन्दर्यकरण गर्ने काम पनि केही दिनभित्रै शुरु गर्ने गरि टेण्डर प्रक्रिया अघि बढिसकिकेको जानकारी दिए ।

पहिलो दिन १७ वटा घरटहरा भत्काइएको छ । सार्वजनिक जग्गामा बनाइएका टहरा हटाउन नगरपालिकाले ८ महिना यता ३५, १५ र ७ दिनको सूचना पटकपटक जारी गरेको थियो । अन्तिमपटक दिइएको म्याद चैत ४ गते सकिएको थियो ।

## कर्जा चूक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

यस कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गरेको विभिन्न शिर्षकका कर्जा सुविधाहरु लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार समय समयमा बुझाउनु पर्ने सांवा, ब्याज आदि नतिरी नबुझाई ऋण लिंदा गरेको शर्त, कबुलियत उल्लंघन गरेको र बैंकले मौखिक एवं लिखित रुपमा पटक पटक तरतागेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान नगरेको हुंदा यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्रमा कर्जाको सम्पूर्ण सांवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ । अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनू पर्ने सम्पूर्ण कर्जा सांवा, ब्याज तथा हर्जाना ब्याज समेत भुक्तान नगरेमा यस बैंकलाई कर्जाको सुरक्षण वापत लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३,नेपाल राष्ट्र बैङ्क तथा वित्तिय संस्थालाइ जारी गरीएको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनामा आउने निर्देशन,परिपत्रहरु, बैङ्कको कर्जा असुलि निति तथा अन्य सम्बद्ध ऐन कानुनले दिएको अधिकार प्रयोग गरी धित्तोमा रहेको चल अचल सम्पति जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरि वा अन्य व्यवस्था गरि बैंकको सांवा, ब्याज, हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरी लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु तथा धन जमानी दिनेको घर घराना/चल अचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सूचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी, जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

### तपसिल

| |
|---|
| **१. ऋणीको नाम र ठेगाना** |
| **क**) प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०७७ साल माघ महिना २२ गते रोज ४ मा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यलय ,वीरगंज पर्सामा दर्ता भै नं. प्रा.फ.र.नं. ४११४१/०७७/७८, अन्तर्गत दर्ता कायम भएको तथा सखुवा प्रसौनी ३, पाचगावा बजार ,पर्सा कार्यालय रहेको **श्री अजय एण्ड सुमित इन्टरप्राइजेज ।**<br>**ख**) सर्युग राउत कुर्मिको नाती, बिहारी राउत कुर्मीको छोरा, जिल्ला पर्सा, कौवावनकटैया वडा नं. ५ बस्ने (ना.प्र.न २८६/९५८००८९७ ,जारी मिति २०४४/१२/०४ जि.प्र.का., पर्सा) बर्ष ५३ को **काशी राउत कुर्मी ।** |
| **कर्जाको सुरक्षण विवरण** |
| **क**) सर्युग राउत कुर्मिको नाती, बिहारी राउत कुर्मीको छोरा, जिल्ला पर्सा, कौवावनकटैया वडा नं. ५ बस्ने (ना.प्र.न २८६/९५८००८९७ ,जारी मिति २०४४/१२/०४ जि.प्र.का., पर्सा) बर्ष ५३ को **काशी राउत कुर्मीको** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा सखुवा प्रसौनी वा.नं.०५ स्थित किता नं. ११२ र ३७३ को जम्मा क्षेत्रफल क्रमशः **३८५ र ६३.०२ वर्ग मिटर** को घरजग्गा ।<br>**ख**) सर्युग राउत कुर्मिको नाती, बिहारी राउत कुर्मीको छोरा, जिल्ला पर्सा, कौवावनकटैया वडा नं. ५ बस्ने (ना.प्र.न २८६/९५८००८९७ ,जारी मिति २०४४/१२/०४ जि.प्र.का., पर्सा) बर्ष ५३ को **काशी राउत कुर्मीको** नाममा दर्ता कायम रहेको जिल्ला पर्सा सखुवा प्रसौनी वा.नं.०१ स्थित किता नं ६१ र १६७ को जम्मा क्षेत्रफल क्रमश **१९६० र ९१२० वर्ग मिटर** को घरजग्गा । |
| **प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ताहरु :** |
| **क** बिहारी राउत कुर्मीको नाती, काशी राउत कुर्मीको छोरा जिल्ला पर्सा, सखुवा प्रसौनी वडा नं. ३ बस्ने (ना.प्र.न ३४-०१-७४-०७९७२ ,जारी मिति २०७४/०६/२४ जि.प्र.का पर्सा) बर्ष **२६** को **श्री अजय पटेल ।**<br>**ख**) देवबहादुर कुर्मीको छोरी , बिहारी राउतको बुहारी, काशी राउत कुर्मीको पत्नी जिल्ला पर्सा, कौवावनकटैया वडा नं. ५ बस्ने (ना.प्र.न ३४३०४२/१०१ ,जारी मिति २०६३/१२/२२ , जि.प्र.का. पर्सा) बर्ष ५१ की श्रीमती **प्रभा देवी कुर्मी ।**<br>**ग**) बिहारी राउत कुर्मीको नाती ,काशी राउत कुर्मीको छोरा, जिल्ला पर्सा, सखुवा प्रसौनी वडा नं. ३ बस्ने (ना.प्र.न ३४-०१-७९-०६३७१, जारी मिति २०७९-०५-१२ जि.प्र.का. पर्सा) बर्ष २० को **राजाबाबु पटेल ।**<br>**घ**) सर्युग राउत कुर्मिको नाती, बिहारी राउत कुर्मीको छोरा, जिल्ला पर्सा, कौवावनकटैया वडा नं. ५ बस्ने (ना.प्र.न २८६/९५८००८९७ ,जारी मिति २०४४/१२/०४ जि.प्र.का., पर्सा) बर्ष ५३ को **काशी राउत कुर्मी ।** |
| **२. ऋणीको नाम र ठेगाना** |
| **क**) प्रदेश उधोग ऐन, २०७७ बमोजिम मिती २०८१ साल असार महिना १६ गते रोज १ मा मधेश प्रदेश सरकार, उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय, उधोग विभाग, घरेलु तथा साना उधोग कार्यलय पर्सा बीरगंजमा दर्ता भै नं. उधोग दर्ता नं. १६७४८/०८०/०८१, अन्तर्गत दर्ता कायम भएको तथा धोबिनी गा.पा. ०५, पर्सा कार्यालय रहेको **आर्यन कोटेज ।**<br>**ख**) स्व. अजीज मिया हजामको नाती, सुकट मिया हजामको छोरा, जिल्ला पर्सा, गा.वि.स. धोबीनी वडा नं.०३, हाल जिल्ला पर्सा, गा.पा. धोबीनी वडा नं.०५ मा बस्ने (ना.प्र.न. ३४१०२८/२१३ ,जारी मिति २०६७/१२/२३ जि.प्र.का. पर्सा) बर्ष ३२ को **राज महमद मियाँ हजाम ।** |
| **कर्जाको सुरक्षण विवरण** |
| **क**) स्व. अजीज मिया हजामको नाती, सुकट मिया हजामको छोरा, जिल्ला पर्सा, गा.वि.स. धोबीनी वडा नं.०३, हाल जिल्ला पर्सा, गा.पा. धोबीनी वडा नं.०५ मा बस्ने (ना.प्र.न. ३४१०२८/२१३ ,जारी मिति २०६७/१२/२३ जि.प्र.का. पर्सा) बर्ष ३२ को **राज महमद मियाँ हजाम**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा लङ्गडी वडा नं.०२ स्थित रहेको किता नं **४६१** को जम्मा क्षेत्रफल क्रमशः **५०७.९५ वर्ग मिटर** को घरजग्गा ।<br>**ख**) स्व. जुरवली मिया हजामको नाती, स्व. अजीज मिया हजामको छोरा, जिल्ला पर्सा, गा.वि.स. धोबीनी, वडा नं.०३, हाल जिल्ला पर्सा, गा.पा. धोबीनी, वडा नं.०५ बस्ने (ना.प्र.न. २७७०१८०३ मिति २०५२/०९/०४ जि.प्र.का. पर्सा) बर्ष ४९ को **सुकट मिया हजाम** को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा धोवनी वा.नं.०३ स्थित किता नं **३४** को जम्मा क्षेत्रफल क्रमश **१६६.२५वर्ग मिटर** को घरजग्गा ।<br>**ग**) स्व. अजीज मिया हजामको नाती, सुकट मिया हजामको छोरा, जिल्ला पर्सा, गा.वि.स. धोबीनी वडा नं.०३, हाल जिल्ला पर्सा, गा.पा. धोबीनी वडा नं.०५ मा बस्ने (ना.प्र.न. ३४१०२८/२१३ ,जारी मिति २०६७/१२/२३ जि.प्र.का. पर्सा) बर्ष ३२ को **राज महमद मियाँ हजाम**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा पोखरिया वा.नं.०९ स्थित किता नं **५१** को जम्मा क्षेत्रफल क्रमश **३२५ वर्ग मिटर** को जग्गा । |
| **प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ताहरु :** |
| **क**) जुरवली मिया हजामको नाती, अजीज मिया हजामको छोरा, जिल्ला पर्सा, गा.वि.स. धोबीनी वडा नं.०३, हाल जिल्ला पर्सा, गा.पा. धोबीनी वडा नं.०५ बस्ने (ना.प्र.न. २७७०१८०३ ,जारी मिति २०५२/०९/०४ जि.प्र.का. पर्सा) बर्ष ५० को **सुकट मिया हजाम।**<br>ख) स्व. अजीज मिया हजामको नाती, सुकट मिया हजामको छोरा जिल्ला पर्सा, धोबीनी वडा नं.०५ मा बस्ने (ना.प्र.न. ३४-०१-७४-०१९९४ जारी मिति २०७४/०२/११ जि.प्र.का. पर्सा)बर्ष २५ को साकिर मियाँ हजाम ।<br>**ग**) स्व. अजीज मिया हजामको नाती, सुकट मिया हजामको छोरा, जिल्ला पर्सा, गा.पा. धोबीनी, वडा नं.०५ मा बस्ने (ना.प्र.न. ३४-०१-७४-०११४२ जारी मिति २०७४/०१/२८ जि.प्र.का. पर्सा) बर्ष २७ को लाल महम्द मिया हजाम ।<br>**घ**) स्व. अजिज मिया हजामकी बुहारी, सुकट मिया हजामकी पत्नी, जिल्ला पर्सा, गा.वि.स. धोबीनी वडा नं.०३, हाल जिल्ला पर्सा, गा.पा. धोबीनी वडा नं.०५ मा बस्ने (ना.प्र.न. ३४३०२८/२०६,जारी मिति २०६४/०१/१० जि.प्र.का. पर्सा) बर्ष ४९ की आमना खातुन ।<br>**ङ**) सुकट मिया हजामकी बुहारी, राज महमद मियाँ हजामकी पत्नी, जिल्ला पर्सा, जिल्ला पर्सा, गा.पा. धोबीनी, वडा नं.०५ मा बस्ने (ना.प्र.न. ३४-०१-७६-०६१५६,जारी मिति २०७६/०५/२५ जि.प्र.का. पर्सा) बर्ष ३३ की अैसा खातुन ।<br>**च**) स्व. अजीज मिया हजामको नाती, सुकट मिया हजामको छोरा, जिल्ला पर्सा, गा.वि.स. धोबीनी वडा नं.०३, हाल जिल्ला पर्सा, गा.पा. धोबीनी वडा नं.०५ मा बस्ने (ना.प्र.न. ३४१०२८/२१३ ,जारी मिति २०६७/१२/२३ जि.प्र.का. पर्सा) बर्ष ३२ को **राज महमद मियाँ हजाम ।** |
| **नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।** |

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
**नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था**

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर) ।

# भारतबाट विद्युत् कटौतीले अघोषित लोडसेडिङ

**मधेशदृष्टि**
**वीरगंज ।**

भारतबाट विद्युत् आयात कटौती भएपछि बारा–पर्सा औद्योगिक कोरिडोरका उद्योगमा अघोषित लोडसेडिङ शुरु भएको छ । विद्युत् आपूर्ति अनिश्चित भएपछि निर्माण सामग्री उत्पादन गर्ने उद्योग बढी प्रभावित भएका छन् । माघ महिनादेखि निर्माण सामग्रीको माग बढ्ने भए पनि यही समयमा विद्युत् कटौती तीव्र बनेपछि उद्योगको उत्पादन अवरुद्ध भएको उद्योगी व्यवसायीको गुनासो छ । सिमेन्ट, डण्डी, पाइप, पेन्ट्सलगायतका उद्योगले उच्च विद्युत् खपत गर्ने भएकाले विद्युत् अभावले उनीहरूलाई बढी असर परेको छ ।

वीरगंज उद्योग वाणिज्य संघका उपाध्यक्ष माधव राजपालका अनुसार, ११ केभीए प्रसारण लाइन लिएका उद्योगमा दैनिक ७–८ घण्टा विद्युत् कटौती भइरहेको छ भने ३३ र ६६ केभीए प्रसारण लाइन लिएका उद्योगमा १२ घण्टासम्म लाइन काटिने गरेको छ । नेपाल उद्योग वाणिज्य महासंघ, मधेश प्रदेशका उद्योग समिति अध्यक्ष दीपेश अग्रवालका अनुसार, आपूर्ति गरिएको समयमा पनि पटक–पटक लाइन काटिने भएकाले उद्योगका कच्चापदार्थ खेर जाने, उपकरण र मोटर बिग्रने समस्या बढेको छ ।

वीरगंज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हरि गौतमले भारत र बंगलादेशलाई बिजुली निकासीको योजना बनाउने सरकारले स्वदेशी उद्योगलाई नै बिजुली दिन नसक्नु लज्जास्पद भएको बताए । नेपाल विद्युत् प्राधिकरण, वीरगंजका प्रमुख अवधेश दुवेका अनुसार, चैत ३ गतेदेखि भारतबाट आयात हुने बिजुलीको समय कटौती गरिएपछि आपूर्तिमा समस्या आएको हो । यसअघि दैनिक २० घण्टा विद्युत् आयात भइरहेकामा १२ घण्टामा सीमित गरिएको छ ।

## Tourism Development Office
**Lahan, Siraha, Madhesh Province**

### Invitation for Electronic Bids

**First Date of Publication: B.S. 2081/12/08 (21th Mar, 2025)**

1. Tourism Development Office, Lahan, Siraha invites electronic bid from Nepalese eligiblebidders for the following worksunder National Competitive Bidding procedures.
2. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp or may visit Tourism Development Office, Lahan, Siraha. For detail contact : 9815357417 9851360568

| SN | Contract No. | Description of works/Name of Project | Bid Document price (Non-refundable) | Bid security Amount in (NRS)/ Validity Period | Bid Validity Period |
|---|---|---|---|---|---|
| 1 | 20/NCB/ WORKS/ TDOSIRAHA/ 2081/082 | Saptari jilla ko rupani ga pa 2 ko purano tole pauwama hanumaan mandir nirmaan wada 5 ma kabristaan astarunnati ra khaki baba pokharima chatghat nirmaan ra sambhunath na pa 10 ma mushari nira bhagwati mandir astarunnati karya | Nrs. 3,000/- | 1,25,000/- 120 Days | 90 Days |
| 2 | 21/NCB/ WORKS/ TDOSIRAHA/ 2081/082 | Siraha jilla mirchaiya na. pa. 1 ma birtatolema jit narayanko ghar nira shiv mandir nirmaan, karjanha na pa 7 ma marewa dakchin tole pokhari ko dil ma ram janki mandir nirmaan | Nrs. 3,000/- | 1,25,900/- 120 Days | 90 Days |

**Office Chief**

